# मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी आदेश, २०७५

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी आदेश, २०७५

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

२०७५।०२।०२

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

**<u>प्रस्तावना</u>** : प्रदेश ऐन नबने सम्म मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधाको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले नेपालको संविधानको धारा १७१ बमोजिम यो आदेश जारी गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यो आदेशको नाम "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश मन्त्रालय सम्झनु पर्छ ।

(ग) "मन्त्री" भन्नाले प्रदेशको मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री समेत सम्झनु पर्छ ।

(घ) "मुख्यमन्त्री" भन्नाले प्रदेश मुख्यमन्त्री सम्झनु पर्छ ।

३. **पारिश्रमिक** : (१) मुख्यमन्त्री र मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधा शपथ ग्रहण गरेको मिति देखि अनुसूची-१ मा उल्लेख भए बमोजिम प्राप्त गर्नेछ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएमा वा संघीय शासन लागू भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा पारिश्रमिक तथा सुविधा प्राप्त गर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(२) मुख्यमन्त्री वा कुनै मन्त्रीको मन्त्रीपदमा बहाल रहेकै अवस्थामा मृत्यु भई वा निजले दिएको राजीनामा स्वीकृत भई वा मन्त्रिपरिषद विघटन भई वा अन्य कुनै तवरबाट निज मन्त्री पदमा कायम नरहेमा निजलाई मन्त्री पद कायम रहेको दिनसम्म पाउने पारिश्रमिक दिइनेछ।

(३) मुख्यमन्त्री वा मन्त्रीले उपदफा (२) बमोजिम पाउने पारिश्रमिक निजलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ। मन्त्रीको मृत्यु भएमा निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जिवित रहेनछ भने त्यस्तो पारिश्रमिकको रकम निजको नजिकको हकवालालाई दिइनेछ।

४. **<u>आवास सुविधा</u>** : (१) मुख्यमन्त्री र मन्त्रीलाई आवासको निमित्त प्रदेश सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ। त्यस्तो घरको बन्दोबस्त नभएमा वा प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएमा घरभाडा बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

५. <u>**धारा, विजुली, टेलिफोन तथा सञ्चार सुविधा**</u> : मुख्यमन्त्री र मन्त्रीलाई धारा, विजुली, टेलिफोन, इन्टरनेट र पत्रपत्रिका सुविधा बापत अनुसूची-१ बमोजिमको सुविधा दिइनेछ।

६. <u>**सवारी तथा इन्धन सुविधाः**</u> (१) मुख्यमन्त्री र प्रत्येक मन्त्रीले सवारीको निमित्त सवारी साधन एक र अनुसूची-१ मा उल्लेख भए बमोजिमको इन्धन पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

७. <u>**दैनिक तथा भ्रमण भत्ताः**</u> (१) मुख्यमन्त्री र मन्त्रीलाई सरकारी कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता उपलव्ध गराईने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) मुख्यमन्त्री र मन्त्रीलाई सरकारी कामको सिलसिलामा नेपालभित्र मोटरबाट भ्रमण गर्दा विल भरपाई बमोजिमको एक सवारी साधनको लागि लागेको इन्धन खर्च तथा हवाईजहाजबाट भ्रमण गर्दा एक जना अंगरक्षक समेतको लाग्ने टिकट खर्च पाउनेछ।

तर, मुख्यमन्त्रीको हकमा दुईजना अंगरक्षकलाई लाग्ने टिकट खर्च दिइनेछ।

(३) अन्य सवारी साधनबाट भ्रमण गर्दा लाग्ने टिकट खर्च भुक्तानी दिइनेछ।

(४) मुख्यमन्त्री र मन्त्रीले निजी/स्वकीय सचिवालयका बढीमा एक जना कर्मचारीलाई भ्रमणमा साथै लैजान अति आवश्यक भएमा त्यस्तो कर्मचारीलाई प्रदेश सरकारको नियामानुसार दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

(५) मुख्यमन्त्री र मन्त्रीले भ्रमणबाट फर्केको दिनको एक चौथाई दैनिक भत्ता पाउँनेछन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(६) भ्रमण भत्ताको भुक्तानीको निमित्त मुख्यमन्त्री र मन्त्रीले भ्रमण विल भरी लगबुक, विल, भरपाई, आदि आवश्यक प्रमाणहरु उपलव्ध गराउनु पर्नेछ।

८. **बिमा सुविधाः** मुख्यमन्त्री र मन्त्रीले दफा ७ बमोजिम भ्रमण गर्दा अनुसूची -२ बमोजिमको यात्रा बिमा बापतको प्रिमियम रकम पाउनेछ।

९. **उपचारको सुविधाः** (१) मुख्यमन्त्री र मन्त्रीलाई सामुहिक रुपमा प्रदेश सरकारले तोकेको चिकित्सकको सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधि उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी अस्पतालमा भर्ना भई औषधि उपचार गराउँदा लागेको प्रेश्क्रिप्शन तथा बिल बमोजिमको रकम प्रदेश सरकारले व्यहोर्ने छ ।

(३) मुख्यमन्त्री र मन्त्रीलाई उपचारको निमित्त अनुसूची-२ बमोजिमको बिमा प्रिमियम वापतको रकम उपलब्ध गराइनेछ । यसरी बिमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सुविधा उपलब्ध गराएकोमा उपदफा (२) बमोजिमको उपचार खर्च उपलब्ध गराइने छैन ।

(४) उपदफा (२) वा उपदफा (३) बमोजिमको उपचार वा बिमा प्रिमियम खर्च वापतको रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मुख्यमन्त्री र मन्त्री भर्ना भएको सरकारी अस्पताललाई भुक्तानी गर्नेछ ।

१०. **चाडपर्व खर्च**: मुख्यमन्त्री र मन्त्रीले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्च बापत पाउने छन् ।

११. **सचिवालयको व्यवस्था** : मुख्यमन्त्री र मन्त्रीहरुको स्वकीय सचिवालयमा अनुसूची-३ मा उल्लेखित कर्मचारी रहनेछन् ।

१२. **अतिथि सत्कार तथा भैपरी खर्च** : (१) मुख्यमन्त्री र मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम अतिथि सत्कार तथा भैपरी खर्च बापत दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको खर्चको विल भरपाई पेश गर्नुपर्ने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

१३. **सुरक्षा व्यवस्थाः** मुख्यमन्त्री र मन्त्रीलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१४. **दोहोरो सुविधा नपाउनेः** सरकारी कोषबाट निवृत्तीभरण पाउने व्यक्ति मुख्यमन्त्री वा मन्त्री पदमा नियुक्ति भएमा त्यस्तो मुख्यमन्त्री वा मन्त्रीले निवृत्तीभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये एउटा मात्र सुविधा पाउनेछ।

तर, पारिश्रमिक बाहेक अन्य सुविधा लिन बाधा पर्ने छैन ।

१५. **सुविधाको दुरुपयोग गर्न नहुने** : यस ऐन बमोजिमका सुविधाहरु सम्बन्धित मुख्यमन्त्री वा मन्त्री स्वयंले मात्र उपयोग गर्न पाउने छन् र सम्बन्धित मुख्यमन्त्री वा मन्त्रीले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइ दिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

लिने, सरकारी धनमालको हानी नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## अनुसूची-१

(दफा ३, ४, ५, ६ र १२ सँग सम्बन्धित)

**<u>मुख्यमन्त्री र मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधा</u>**

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ६०,९७०।- | ५२,०००।- | ४९,०००।- | ४७,०००।- |
| २ | आवास सुविधा* | प्रति महिना रु. | आवास दिने | आवास दिने | आवास दिने | आवास दिने |
| ३ | <u>निजी आवासमा बस्नेलाई</u><br>क.घर मर्मत खर्च | बार्षिक रू. | - | १,३०,०००।- | १,१०,०००।- | १,००,०००।- |
| | ख.फर्निचर (सरकारले व्यवस्था नगरेमा) | एक मुष्ठ रू. | - | १,००,०००।- | १,००,०००।- | १,००,०००।- |
| ४ | सवारी इन्धन | प्रति महिना (लिटर) | १५० | १२५ | १२० | १२० |
| ५ | मोविल | त्रैमासिक /लिटर | १० | ५ | ५ | ५ |
| ६ | यातायात सुविधा | सवारी साधन (गोटा) | १ | १ | १ | १ |
| ७ | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | ५,०००।- | ३,०००।- | २,०००।- | २,०००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | अतिथि सत्कार तथा भैपरी खर्च | प्रति महिना रु. | १०,०००।- | ५,०००।- | ३,०००।- | ३,०००।- |
| ९ | विजुली, धारा | प्रति महिना रु | बिल बमोजीम | २,५००।- | २,०००।- | २,०००।- |

**नोट :-**

१. *आवास सुविधा उपलब्ध गराउन नसकिने भएमा मन्त्रीलाई रु. २७,०००/-, राज्यमन्त्रीलाई रु.२५,०००—/र सहायक मन्त्रीलाई रु.२०,०००—/मासिक रुपमा घरभाडा बापत उपलब्ध गराइनेछ । तर, निजी आवास मर्मत खर्च लिएका मन्त्रीलाई घरभाडा उपलव्ध गरिने छैन ।

२. सरकारी आवास सुविधाको घरको धारा विजुली विल अनुसार भुक्तानी दिइनेछ ।

३. मुख्यमन्त्रीको हकमा सुरक्षा प्रयोजनको लागि आवश्यक भएमा थप एक सवारी साधन उपलब्ध गराइनेछ।उक्त सवारी साधनको लागि मासिक १०० लिटर ईन्धन उपलव्ध गराईनेछ।

४. सरकारी आवास उपलव्ध गराईएकोमा बिजुली, धाराको महसुल विल बमोजिमको रकम भुक्तानी गरिनेछ तर निजी आवासको हकमा माथि अनुसुची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय,बागमती प्रदेश

अनुसूची-२

(दफा ७, ८ र ९ सँग सम्बन्धित)

**<u>मुख्यमन्त्री तथा मन्त्रीले पाउने दैनिक भत्ता तथा विमाको सुविधा</u>**

| क्र.सं. | विवरण | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | ३,०००।- | २,५००।- | २,०००।- | २,०००।- |
| २. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (प्रति दिन अमेरिकी डलरमा) | २५० | २०० | १७५ | १७५ |
| ३. | यात्रा विमा (प्रति भ्रमण रु. लाखमा) | १०(दश) | १०(दश) | १०(दश) | १०(दश) |

***द्रष्टव्यः***

१. यूरोपियन मुलुकहरु ,अष्ट्रेलिया ,न्यूजिल्याण्ड ,अमेरिका, क्यानडा ,कोरिया ,कुवेत , जापान, यू.ए.ई., जाम्बिया, कतार, रुस, हङकङ, सिंगापुर, लेवनान, बहराईनको भ्रमण गर्दा माथि उल्लिखित दरमा थप तेत्तीस प्रतिशत थप रकम दिईनेछ ।

२. विदेश भ्रमणगर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता वापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चीस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

५.	विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलव्ध गराइनेछ ।
६.	विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको छैसट्टी प्रतिशत रकम उपलव्ध गराइनेछ ।
७.	मुख्यमन्त्री तथा मन्त्रीलाई उपचारको लागि प्रदेश सरकारले स्वास्थ्य बिमाको लागि वार्षिक रु. १०,०००।- सम्मको प्रिमियम रकम बिल बमोजिम उपलव्ध गराउनेछ।
८.	मुख्यमन्त्री र मन्त्रीले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा सँस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिईनेछ।
९.	भ्रमण सम्वन्धी थप व्यवस्थाः

१) जिल्ला भ्रमण गर्नु पूर्व मुख्यमन्त्रीबाट स्वीकृति लिनु पर्ने,
२) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

३) एक जिल्लामा एक पटकमा सामान्यतया दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने,

४) अत्यावश्यक नपरी महिनामा एउटै जिल्लामा दुई पटक भन्दा बढी भ्रमण नगर्ने,

५) भ्रमणबाट फर्के पछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गर्नु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-३

(दफा ११ सँग सम्वन्धित)

**मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयमा रहने कर्मचारी**

| क्र. सं. | कर्मचारी | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.द्वितीय) | १ | - | - | - |
| २. | स्वकीय सचिव (शाखा अधिकृत) | १ | १ | १ | - |
| ३. | स्वकीय सचिव (ना.सु./क.अ.) | २ | १ | - | १ |
| ४. | सवारी चालक | २ | १ | १ | १ |
| ५. | कार्यालय सहयोगी | २ | २ | १ | १ |

***द्रष्टव्य :***

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

१. स्वकीय सचिवालयका कर्मचारीहरुले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन् ।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस आदेश बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ।

नोट- केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ बमोजिम प्रदेश नं. ३ को सट्टा बागमती प्रदेश भन्ने शब्द राखी संशोधन गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश